# भाग ३

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना

### संवत् २०८२ सालको नियमावली (नेराप) नम्बर १९

### विर्ता उन्मूलन (नवौं संशोधन) नियमावली, २०८२

विर्ता उन्मूलन नियमावली, २०१७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विर्ता उन्मूलन ऐन, २०१६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस नियमावलीको नाम "विर्ता उन्मूलन (नवौं संशोधन) नियमावली, २०८२" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **विर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३ मा संशोधन** : विर्ता उन्मूलन नियमावली, २०१७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (२) मा रहेका "गाउँ विकास समिति वा नगरपालिकाको कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयमा" भन्ने शब्दहरू राखिएका छन्।

३. **मूल नियमावलीको नियम ३क. मा संशोधन** : मूल नियमावलीको नियम ३क. को,-

(१) उपनियम (२) मा रहेका "गाउँ विकास समिति वा नगरपालिकाको वडा कार्यालय" भन्ने शब्दहरूको सट्टा "गाउँपालिका वा नगरपालिकाको वडा कार्यालय" भन्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

शब्दहरू र सोही उपनियममा रहेका "जिल्ला विकास समिति" भन्ने शब्दहरूको सट्टा "जिल्ला समन्वय समितिको कार्यालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (३) मा रहेका "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरूको सट्टा "गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन्।

४. **मूल नियमावलीको नियम ३ख. मा संशोधन** : मूल नियमावलीको नियम ३ख. मा रहेका "संवत् २०६६ साल चैत्र मसान्तसम्म" भन्ने शब्दहरूको सट्टा " संवत् २०८३ साल असार मसान्तसम्म" भन्ने शब्दहरू र सोही नियममा रहेका "संवत् २०६७ साल चैत्र मसान्तभित्र" भन्ने शब्दहरूको सट्टा " संवत् २०८४ साल असार मसान्तभित्र" भन्ने शब्दहरू राखिएका छन्।

५. **मूल नियमावलीको नियम ९ मा संशोधन** : मूल नियमावलीको नियम ९ को उपनियम (१) मा रहेका "गाउँ विकास समिति वा नगरपालिकाको कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालयमा" भन्ने शब्दहरू राखिएका छन्।

**आज्ञाले,**
**मदन भुजेल**
**नेपाल सरकारको सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।